# शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयबाट सञ्चालन हुने शिक्षा, विज्ञान प्रविधि तथा भाषा, संस्कृति र पुरातत्त्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०७८

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०७८/०५/२३ मा स्वीकृत ।

## आ.व. २०७८/०७९

प्रदेश सरकार

**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**

गण्डकी प्रदेश, पोखरा, नेपाल

## विषयसूची


खण्ड– एकः परिचय तथा उद्देश्य २

१.१ परिचयः २

१.२ उद्देश्यः २

१.३ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तरगतका महाशाखा, निर्देशनालय, तालिम केन्द्र र मातहतका निकायहरु २

१.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था २

१.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः ३

खण्ड- दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन ५

(क) मन्त्रालय तर्फ ५

२.१ शिक्षा क्षेत्रका कार्यक्रम व्यवस्थापन, अनुगमन एवम् मूल्याङ्कन ५

२.२ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा ६

२.३ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण ७

२.४ पाठ्यक्रम कार्यान्वयन सम्बन्धी प्रशिक्षक प्रशिक्षण ८

२.५ एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति अनुदान निरन्तरता ९

२.६ शहीद स्मृति आवासीय विद्यालय १०

२.७ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधार विकासको निरन्तरता ११

२.८ नयाँ पाठ्यक्रम कक्षा ४ र ७ को परिक्षण अभ्यास भएका जिल्लाहरुमा कार्यान्वयनको अवस्था पहिचान र अनुशिक्षण १३

२.९ गुरुकुल, गुम्बा, मदरसा लगायतका धार्मिक शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई मुल प्रवाहीकरण अनुदान १४

२.१० विज्ञान वा प्राविधिक विषयमा रुपान्तरण हुने सामुदायिक क्याम्पसहरुलाई सुदृढीकरण अनुदान १६

२.११ विशेष कक्षा सञ्चालन भएका स्रोत कक्षाहरुको सुदृढीकरण १८

२.१२ प्राविधिक धार तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान २०

२.१३ विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण २२

२.१४ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (**E- LEARNING**) समेत २४

२.१५ सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम २६

२.१६ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता २७

२.१७ नेपाल सांस्कृतिक संघ मार्फत ११ जिल्लामा लोक कला तथा संस्कृति संरक्षण २९

२.१८ प्रदेशभित्र बहुसांस्कृतिक ग्रामको जग्गा प्राप्ति र डीपीआर तयारी (अन्नपूर्ण गाउँपालिका कास्की) ३०

२.१९ पुरातात्त्विक महत्वका वस्तु तथा सम्पदाहरुको श्रव्यदृष्य प्रोफाइल तयारी तथा अध्यावधिक ३१

२.२० मठ, मन्दिर, गुम्बा लगायत पुरातात्त्विक तथा धार्मिक आस्थाका केन्द्रहरुको संरक्षण एवम् मर्मत सम्भार ३२

२.२१ शहीद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति ३५

२.२२ एक जिल्ला एक शहीद पार्क निर्माण ३९

२.२३ गोरखाको च्याङ्लीमा कुमाल जातिको संग्रहालय ४२

# खण्ड- एकः परिचय तथा उद्देश्य

## १.१ परिचय:

प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घ र स्थानीय तहसँग समन्वय गरी आफ्ना कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यक्रमलाई नियमित, पारदर्शी, सरल, उत्तरदायी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को अधिनमा रही *शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय* बाट "कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड २०७८" स्वीकृत गरिएको छ ।

## १.२ उद्देश्य:

क) आ.व. २०७८/०७९ को वार्षिक विकास कार्यक्रमहरु सहज र सरल तरिकाले सम्पादन गर्ने,

ख) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,

ग) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

## १.३ शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय अन्तरगतका शिक्षा, संस्कृति, विज्ञान प्रविधि तर्फका महाशाखा, निर्देशनालय, तालिम केन्द्र र मातहतका निकायहरु

१) शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा

२) उच्च शिक्षा तथा संस्कृति महाशाखा

३) शिक्षा विकास निर्देशनालय

४) शिक्षा तालिम केन्द्र

५) जिल्लामा ११ वटा सामाजिक विकास कार्यालयहरु

## १.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा प्रदेश सरकार, गण्डकी प्रदेशद्वारा स्वीकृत खर्चको मापदण्ड,२०७५ एवम् बजेट तथा गण्डकी प्रदेश सरकारद्वारा जारी कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम हुनेछ । प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागु हुनेछ ।

## १.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ ।

२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ ।

३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण सहितको अवधारणा पत्र वमोजिम निर्णय गराई कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

४. कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवारी प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

५. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र र सम्बन्धित निकायहरुबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी सञ्चालन गर्नु पर्नेछ ।

६. तोकिएको चौमासिक भित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहितको विवरण समयमै उपलब्ध गराउनु पर्नेछ ।

७. यस आ. व. को आर्थिक दायित्व आगामी आ. व. मा सर्ने गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन ।

८. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

९. गण्डकी प्रदेश, अर्थ मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०७८/७९ को पूर्ण पालना गर्नुपर्नेछ । सार्वजनिक खर्चमा मितब्ययिता र प्रभावकारीता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ समेत अनुशरण गर्नुपर्नेछ ।

१०. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए पनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७५, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

११. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र मासिक, चौमासिक र वार्षिक रूपमा भौतिक तथा वित्तीय प्रगति रुपमा तयार गर्नु पर्नेछ ।

१२. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१३. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१४. मन्त्रालय र मातहतका निकायहरुवाट अनुदान प्राप्त गर्ने विद्यालय,क्याम्पस तथा अन्य संघ संस्थाहरुले वील भरपाई र स्रेस्ता अद्यावधिक रुपमा राखि नियमानुसार वार्षिक लेखा परिक्षण गराउनुपर्नेछ ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

# खण्ड-दुईः वार्षिक विकास कार्यक्रम र कार्यान्वयन

## (क) मन्त्रालय तर्फ

### २.१ शिक्षा क्षेत्रका कार्यक्रम व्यवस्थापन, अनुगमन एवम् मूल्याङ्कन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | | १०० | पहिलो, दोस्रो र तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | मन्त्रालय र मातहतका निकायहरुले कार्यान्वयन गर्ने वार्षिक विकास कार्यक्रमहरु छनौट, कार्यक्रम कार्यान्वयन मापदण्ड निर्माण,कार्यक्रम छनौट तथा मूल्याङ्कन गर्न, कार्यक्रम कार्यान्वयनमा एकरुपता, नियमितता र प्रभावकारीता ल्याउन तथा अनुगमनको समयमा कार्य क्षेत्रमा नै आवश्यक सहयोग पुर्याइ कार्यक्रम कार्यान्वयनमा सुधार ल्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | कार्यक्रम कार्यान्वयनको अवस्था पहिचान गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | बैठक भत्ता, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना तथा प्रतिवेदन लेखन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • मन्त्रालय र मातहतका निकायले कार्यान्वयन गर्ने कार्यक्रमहरुको अवस्था अनुगमन गरी थप प्रभावकारीता ल्याउन तथा आवश्यक पृष्ठपोषण प्रदान गर्न अनुगमन मूल्याङ्कन गर्ने ।<br>• वार्षिक विकास कार्यक्रममा संस्था छनौट नभएका अर्थात एकमुष्ठ बजेट भएका कार्यक्रमहरुको प्रस्ताव छनौट गरी कार्यन्वयनको व्यवस्था मिलाउने । |
| ६. अपेक्षित प्रतिफल | • कार्यक्रम कार्यान्वयनमा प्रभावकारीता आउने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • निर्णय पुस्तिका<br>• बैठक भत्ता तथा दैनिक तथा भ्रमण खर्चका बील भरपाईहरु<br>• प्रतिवेदन । |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १०० | पहिलो र तेश्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | संघीयता कार्यान्वयनसँगै प्रदेश सरकारले आफ्ना काम कारवाहीहरुलाई पारदर्शी, जवाफदेही र व्यवस्थित रुपमा सञ्चालन गरी सेवा प्रवाह एवं निर्णय प्रक्रियालाई सरलीकृत गर्न विभिन्न नीति, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड लगायतका कानूनी आधार तयार गर्दै आएको छ । शिक्षा क्षेत्रमा शैक्षिक गुणस्तर अभिवृद्धि, सेवा प्रदायक संस्थाहरुको नियमन र कार्यक्रम कार्यान्वयनमा एकरुपता ल्याई उत्तरदायी, मितव्ययी, सहभागितामूलक समावेशीकरणको नीति अबलम्बन गरी पद्धतिगत रुपमा विकास गर्न विभिन्न शैक्षिक नीति, नियम तथा मापदण्ड तयार गर्न साथै शिक्षा क्षेत्र योजना निर्माण र अध्यावधिक गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | शिक्षा सम्बन्धी नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डका साथै शिक्षा क्षेत्रको आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | बैठक भत्ता, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना तथा प्रतिवेदन लेखन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • बैठक तथा छलफल एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन,<br>• विज्ञ समूह गठन,<br>• कार्य शर्त निर्माण गर्ने,<br>• कार्य जिम्मेवारी दिने,<br>• प्रतिवेदन तयार पार्ने/नीतिगत दस्तावेज स्वीकृतीका लागि पेश गर्ने । |
| ६. | अपेक्षित प्रतिफल | • ऐन, नीति, नियम, कार्यविधि, मापदण्ड एवम् शिक्षा क्षेत्रको आवधिक योजना तयार भएको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यटोली गठन भएका कागजातहरु,<br>• बील भरपाईहरु<br>• बैठकका निर्णय प्रतिलिपी,<br>• प्रतिवेदन । |
| ८. | अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.३ स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | २०० | पहिलो र तेस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | पाठ्यक्रम समग्र शिक्षा प्रद्धतिको मार्गदर्शक एवम् गतिशील योजना हो । स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न आवश्यक छ । यस कार्यमा स्थानीय तहमा क्षमता विकास र विज्ञहरुवाट सहजिकरण गरी मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण कार्यलाई उद्देश्यमूलक बनाउन तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्म वमोजिम स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने कार्यमा सघाउ पुर्‍याउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • स्थानीय विषयको पाठ्यक्रम तयार गर्न स्थानीय तहको क्षमता विकास र प्राविधिक सहयोग गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र स्थानीय तहहरु |
| ४. | बजेट बाँडफाँट | • बैठक भत्ता, स्टेशनरी, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना, प्रतिवेदन लेखन तथा सम्पादन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • स्थानीय तहहरुबाट माग सङ्कलन र छनौट<br>• स्थानीय तहको आवश्यकता र परिवेश पहिचान गरी स्थानीय तहमा गठित पाठ्यक्रम निर्माण समितिलाई विज्ञ समितिवाट सहजीकरण<br>• विज्ञ समितिको सहभागितामा स्थानीय तहमा सरोकारवालाहरुसँग छलफल/अन्तरक्रिया कार्यक्रम सञ्चालन<br>• पाठ्यक्रम/पाठयपुस्तकको मसौदा तयारीका लागि स्थानीय तहलाई स्थलग तथा अन्य प्राविधिक सहयोग उपलव्ध गराउने<br>• मस्यौदा निर्माण |
| ६. | अपेक्षित प्रतिफल | • स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार भई कार्यान्वयनमा आएको हुने । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • पाठ्यकम तयारी समूह गठन भएका कागजात,<br>• बैठकका निर्णय प्रतिलिपी/सहजीकरणको उपस्थिति<br>• पाठ्यक्रम, पाठ्यपुस्तक/पाठ्यसामग्रीका मसौदाहरु । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.४ पाठ्यक्रम कार्यान्वयन सम्बन्धी प्रशिक्षक प्रशिक्षण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ६०० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ वमोजिम शैक्षिक सत्र २०७७ देखि देशैभर योजनावद्ध रुपमा नयाँ पाठ्यक्रम कार्यान्वयनमा आएको छ। शैक्षिक शत्र २०७८ मा कक्षा ४, ७ र ९ मा नयाँ पाठ्यक्रम कार्यान्वयन हुने भएकोले सो को सम्वन्धित शिक्षकहरुलाई अभिमुखिकरण/प्रवोधिकरण गर्नु आवश्यक छ । यस कार्यका लागि पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरसँग समन्वय गरी प्रदेश तहवाट जिल्लागत प्रशिक्षक तयारी तथा स्थानीय तहहरुवाट शिक्षक अभिमुखिकरण/प्रवोधिकरण कार्यक्रम सञ्चालन हुने भएकोले प्रदेश तहका लागि **नयाँ पाठ्यक्रम कार्यान्वयन प्रशिक्षक प्रशिक्षण कार्यक्रम** समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | • पाठ्यक्रम कार्यान्वयनका लागि जिल्ला प्रशिक्षक तयार गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट वाँडफाँट | स्टेशनरी, दै.भ्र.भ., तालिम कार्यक्रम व्यवस्थापन, खाजा, खाना, प्रतिवेदन लेखन तथा सम्पादन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरसँग समन्वय गरी प्रशिक्षक प्रशिक्षणको योजना वनाउने,<br>• जिल्लागत रुपमा सहभागी छनौट तथा कार्यक्रम तयारी,<br>• प्रशिक्षण सामग्री तयारी र प्रशिक्षण कार्यक्रम सञ्चालन,<br>• प्रतिवेदन तयारी र अनुगमन । |
| ६. अपेक्षित प्रतिफल | • नयाँ पाठ्यक्रम प्रवोधिकरणका लागि प्रशिक्षक तयार हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालनसँग सम्बन्धित कागजातहरु एवम् विल भरपाईहरु । |
| ८. अनुगमन गर्ने निकाय | • शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.५ एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समूहका बालबालिकाहरुलाई छात्रवृत्ति अनुदान निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ६००० | पहिलो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ ले अभिभावक विहिन, असहाय, जोखिममा रहेका, सामाजिक, आर्थिक एवं सांस्कृतिक कारणले विभेदमा परेका बालवालिकाहरुको संरक्षणसँगै शिक्षा प्राप्त गर्ने अधिकारलाई प्रत्याभुत गर्दै पठनपाठन कार्यमा सहयोग गर्दै आएको छ । उक्त संस्थामा बसी **एस.ओ.एस. हर्मन माइनर मा. वि. पोखरा १५ मा** अध्ययनरत लक्षित समूहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान प्रदान गरी उनीहरुको पढ्न पाउने अधिकार प्रत्याभुत गर्ने कार्यलाई निरन्तरता दिन यो कार्यक्रम राखिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | • लक्षित समूहका बालबालिकाहरुले सिकाइलाई निरन्तरता पाउने अधिकार प्रत्याभुत गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्था | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय तथा एस.ओ. एस. हर्मन माइनर मा.वि., पोखरा |
| ४. | बजेट बाँडफाँट | छात्रवृत्ति रकम |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • लक्षित बालबालिकाहरुको फोटो सहितको प्रमाणित विवरण माग गर्ने,<br>• विद्यार्थीले प्राप्त गर्ने छात्रवृत्ति रकम सहितको प्रस्ताव माग गर्ने,<br>• विद्यालयसँग सम्झौता गर्ने,<br>• लक्षित बालबालिकाहरुलाई विद्यालयको माग र प्रस्ताव बमोजिम २ किस्तामा अनुदान रकम निकासा दिने । |
| ६. | अपेक्षित प्रतिफल | • बालबालिकाहरुको पठनपाठन निरन्तरता भएको हुने। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्ययोजना सहितको माग निवेदन,<br>• विद्यार्थीले छात्रवृत्ति वुझेको सक्कल भरपाई,<br>• विद्यालय व्यवस्थापन समितिले छात्रवृत्ति प्राप्त गरी सदुपयोग गर्ने प्रतिवद्धता सहितको निर्णय एवम् छात्रवृत्ति वितरण भए पछि कार्य सम्पन्न प्रतिवेदन,<br>• अनुगमनकर्ताको अनुगमन प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.६ शहीद स्मृति आवासीय विद्यालय

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक/संख्या | १ | ३०००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्रदेश सरकारको आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रममा शहिदस्मृति आवासीय विद्यालयलाई व्यावसायिक विद्यालयको रुपमा सञ्चालन गरिनेछ भन्ने उल्लेख गरिएको छ । आवासीय सुविधा सहित सञ्चालनमा रहेको शहिदस्मृति आवासीय विद्यालय, पोखरा महानगरपालिका वडा नं. १४ मझेरीपाटनलाई व्यावसायिक विद्यालयको रुपमा विकास गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | • शहिदस्मृति आवासीय विद्यालयलाई व्यवसायिक विद्यालयको रुपमा रुपान्तरण/विकास गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | सम्बन्धित कार्यमा प्रस्ताव वमोजिम खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • व्यावसायिक विद्यालय सञ्चालनका लगि गरिएको तयारीसँग सम्वन्धित कागजात सहितको विद्यालय विकास प्रस्ताव माग गर्ने<br>• व्यावसायिक विद्यालय स्थापनासँग सम्वन्धित लागत अनुमान र ड्रइङ डिजाइन सहितको स्वीकृत कार्ययोजना माग गर्ने<br>• कार्यक्रम सञ्चालनको तरिका एकीन गर्ने<br>• कार्यक्रम स्वीकृत गरी सम्झौता गर्ने<br>• कार्य प्रगतिका आधारमा अनुदान रकम निकासा<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | • व्यावसायिक विद्यालयको रुपमा रुपान्तरणका लागि पूर्वाधार तयार भएको हुने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय विकास प्रस्ताव, सरकारी प्राविधिकहरुद्वारा तयार गरिएको लागत अनुमान सहितको ड्रइङ डिजाइन<br>• सक्कल वील भरपाइहरु<br>• अनुगमन प्रतिवेदन<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.७ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधार विकासको निरन्तरता

| कार्यक्रम | वजेट रु. हजारमा |
|---|---|
| १. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-प्रभातकिरण मा.वि. , धार्चे गाउँपालिका, गोरखा | १,००० |
| २. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-जननर्मल आधारभुत विद्यालय, वारगुङ्ग मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङ्ग | १,००० |
| ३. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-शिख मा.वि. अन्नपूर्ण गाउपालिका , म्याग्दी | १,००० |
| ४. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-हेम मा.वि., धवलागिरी गाउँपालिका, म्याग्दी | १,००० |
| ५. हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधारको विकासको निरन्तरता-प्रकाशज्योति मा.वि. नाँसो गाउँपालिका, मनाङ्ग | १,००० |

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | विद्यालय/संस्था | ५ | ५००० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | नमूना आवासीय विद्यालय स्थापनाका आधार, शर्त, पूर्वाधार र स्वरुप सम्बन्धी मापदण्ड, २०७५ अनुसार मन्त्रालयस्तरबाट छनौट एवम् स्वीकृत भएका विद्यालयहरुले तयार गरेको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा प्राथमिकतामा परेका कार्यक्रम क्रमशः कार्यान्वयन गर्दै जान आवश्यक छ ।सम्वन्धित स्थानीय तहको समन्वय एवम् सहकार्यमा प्राथमिकता बमोजिमका भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइ व्यवस्थित एवम् प्रभावकारी रुपमा सञ्चालन गर्न **हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासीय विद्यालयमा आवासीय भवन सम्पन्न गरी विद्यालयका अन्य भौतिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयन गर्न** आवश्यक भएकोले यो कार्यक्रम समावेश भएको हो। |
| २. कार्यक्रमको उद्देश्य | नमूना आवासीय विद्यालयमा आवासीय भवन र पूर्वाधार विकास गर्ने |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, तोकिए बमोजिमका विद्यालय रहने स्थानीय तहहरु र तोकिएका विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | निर्माणसँग सम्वन्धित कार्यमा तोकिए बमोजिमका खर्चहरु |
| ५. सञ्चालन गरिने | • गत आ.ब. को कार्य सम्पन्न प्रतिवेदन सहित नमूना आवासीय विद्यालयको विस्तृत |

| शीर्षक | विवरण |
|---|---|
| क्रियाकलाप | आयोजना प्रतिवेदन (DPR) बमोजिम स्थानीय तहवाट सञ्चालन गरिने आवासीय भवन र पूर्वाधार विकास सम्वन्धी प्रचलित कानून बमोजिमको खरीद योजना, योजना कार्यान्वयनका लागि स्रोत व्यहोर्ने निकायहरु र मन्त्रालयले व्यहोर्ने रकम स्पष्ट रुपमा खुलेको प्रस्ताव माग गरिनेछ।<br>(१) नमूना आवासीय विद्यालयको रुपमा छनौटमा परेका विद्यालयसंग सम्बन्धित स्थानीय तहवाट निर्मित विस्तृत आयोजना प्रतिवेदन बमोजिम आवासीय भवन र पूर्वाधार विकास कार्यको प्राथमिकता निर्धारण गरी लागत अनुमान र कार्ययोजना सहितको प्रस्ताव तयार गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।<br>(२) यस कार्यक्रमवाट यस पूर्व कार्य प्रारम्भ गरी सम्पन्न हुन बाँकि रहेका तथा नयाँ कार्यक्रम सम्पन्न गर्न सकिनेछ ।<br>• पेश हुन आएका प्रस्तावका आधारमा निर्माण कार्य सञ्चालनका लागि स्थानीय तहलाई अख्तियारी दिइनेछ । |
| ६. अपेक्षित उपलव्धी | • आवासीय भवन र पूर्वाधार विकास भै विद्यार्थीलाई आवासीय सुविधा पुगेको हुने,<br>• विद्यार्थीको उपस्थिति दर वृद्धि भई सिकाइ उपलव्धि बढ्ने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यसम्पन्न प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.८ नयाँ पाठ्यक्रम कक्षा ४ र ७ को परिक्षण अभ्यास भएका जिल्लाहरुमा कार्यान्वयनको अवस्था पहिचान र अनुशिक्षण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | २ | १५० | दोस्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | चालु शैक्षिक सत्रमा कक्षा ४,७,८ र ९ मा नमूना परीक्षण अभ्यास गर्ने कार्यक्रम रहेको छ । पाठ्यक्रम लागु भएका विद्यालयहरुलाई कार्यान्वयनका लागि थप क्षमता विकास गर्न सम्बन्धित विद्यालयका शिक्षकहरुलाई बैठक/छलफल तथा कार्यशाला सञ्चालन गरी पाठ्यकम कार्यान्वयनमा देखिएका सबल पक्ष एवम् सुधार गर्नुपर्ने/कठिनाइ भएका विषयवस्तुहरुमा छलफल गराई अनुभव आदान प्रदान एवं पृष्ठपोषणका लागि यो कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । |
| २. | कार्यक्रमको उद्देश्य | • पाठ्यक्रम परीक्षणको स्थलगत अध्ययन/अनुगमन गरी सुधारका लागि पृष्ठपोषण दिने |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने मन्त्रालय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | स्टेशनरी, दै.भ्र.भ., आतेजाते खर्च, खाजा, खाना, विविध खर्च, प्रतिवेदन लेखन तथा सम्पादन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • विद्यालयहरुवाट विवरण सङ्कलन,<br>• पाठ्यक्रम विज्ञ सम्मिलित अनुगमन कार्यदल गठन<br>• साधन निर्माण<br>• सरोकारवालाहरुसँग छलफल/अन्तरक्रिया,<br>• स्थलगत अनुगमन,<br>• प्रतिवेदन तयार । |
| ६. | अपेक्षित उपलव्धी | • पाठ्यक्रम कार्यान्वयनमा प्रभावकारीता आउने । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालनसँग सम्बन्धित कागजातहरु (विद्यालयको विवरण, उपस्थिती),<br>• खर्चका बील भरपाइहरु,<br>• प्रतिवेदन । |
| ८. | अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.९ गुरुकुल, गुम्बा, मदरसा लगायतका धार्मिक शिक्षा प्रदान गर्ने विद्यालयहरुलाई मुल प्रवाहीकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक/संख्या | १ | ५००० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गुरुकुल, गुम्बा, आश्रम, मदरसा लगायत परम्परागत शिक्षा प्रदान गर्ने एवम् अनौपचारिक प्रौढ विद्यालयहरूको शैक्षिक पूर्वाधार विकास गर्दै शैक्षिक प्रणालीको मुलधारमा ल्याउन आवश्यक छ । परम्परागत शैक्षिक ब्यवस्थालाई सुदृढ तथा संस्थागत गरी राष्ट्रिय मापदण्ड अनुरुप औपचारिक शिक्षाको समकक्षी बनाउन शैक्षिक व्यवस्थापनका लागि श्रोत उपलब्ध गराइ बालबालिका/सिकारुहरुले समानरुपले सिक्न पाउने अवस्था सुनिश्चित गर्न यो अनुदान कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गुरुकुल, गुम्बा, आश्रम, मदरसा लगायत परम्परागत शिक्षा प्रदान गर्ने एवम् अनौपचारिक प्रौढ तथा वैकल्पिक विद्यालयहरुमा शैक्षिक पूर्वाधार विकास गरी शैक्षिक प्रणालीको मुलधारमा ल्याउन प्रोत्साहित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, सूचना प्रविधिको व्यवस्थापन, भान्साकोठा एवम् आवासीय व्यवस्थापनका लागि आवश्यक सामग्रीहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • तोकिएको ढाँचामा कम्तीमा १५ दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गर्ने<br>• प्रस्ताव माग गर्ने । प्रस्तावको ढाँचा अनुसूची- १ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• प्रस्तावको मूल्याङ्कन एवम् छनौट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य |

| शीर्षक | विवरण |
|---|---|
| | ३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा<br>• छनौटको मापदण्ड अनुसूची- २ मा व्यवस्था भए बमोजिम हुनेछ ।<br>• छनौटमा परेका विद्यालयमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने<br>• सम्झौता गरी प्रथम किस्ता पेश्की उपलव्ध गराउने र अन्य किस्ता कार्य प्रगतिका आधारमा उपलव्ध गराउने<br>• अनुगमन गर्ने<br>• प्रतिवेदन तयार गर्ने । |
| ६. अपेक्षित उपलव्धी | सुविधाजनक रुपमा पठनपाठन सञ्चालन भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय/संस्था व्यवस्थापन समितिको निर्णय सहित फरफारक निवेदन<br>• स्थानीय तहको सिफारीस पत्र<br>• बील भरपाइहरु<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## २.१० विज्ञान वा प्राविधिक विषयमा रुपान्तरण हुने सामुदायिक क्याम्पसहरुलाई सुदृढीकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक/संङ्ख्या | १ | ५००० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | विद्यार्थीहरुलाई स्थानीय स्तरमा नै विज्ञान वा अन्य प्राविधिक विषयको अध्ययन गर्ने अवसर उपलव्ध गराई अध्ययन पश्चात रोजगारी र स्वरोजगारीको स्थिति सिर्जना गरी समृद्ध प्रदेश बनाउन आवश्यक जनशक्ति उत्पादन गर्न आवश्यक छ । अनुसन्धान एवम् अभ्यासमा आधारित अध्ययन अध्यापन गर्नुका साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय जगतमा प्रतिष्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गरी प्रदेशको मानव संसाधन सम्बन्धी आवश्यकता परिपूर्तिका लागि प्राविधिक विषयमा अध्यापन गर्ने सामुदायिक क्याम्पसहरुको संख्या बृद्धि गर्न आवश्यक छ । हाल साधारण विषयको अध्यापन गर्ने सामुदायिक क्याम्पसहरुले प्रदेशको आवश्यकता पूरा हुने स्वास्थ्य बाहेकका प्राविधिक विषय अध्यापन गर्नका लागि सम्बन्धित विश्वविद्यालय/डिनको कार्यालयको अनुमति प्राप्त गरी विज्ञान वा प्राविधिक विषय सञ्चालन गर्न चाहेमा उक्त क्याम्पसहरुलाई शिक्षक तलबभत्ता बाहेकका शैक्षिक पूर्वाधार विकासका क्रियाकलाप सञ्चालनका लागि सुदृढीकरण अनुदान बापतको रकम व्यवस्था गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | साधारण विषयमा उच्च शिक्षा प्रदान गर्ने क्याम्पसहरुलाई विज्ञान वा प्राविधिक विषयमा रुपान्तरणका लागि प्रोत्साहन गरी सुदृढीकरणमा सहयोग पुर्‍याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र क्याम्पसहरु |
| ४. बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौट बैठक व्यवस्थापन<br>• क्याम्पसका लागि अनुदान (सूचना प्रविधि, पुस्तकालय, फर्निचर, प्रयोगशाला व्यवस्थापन, शैक्षिक सामग्रीहरु)<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • साधारण विषयमा उच्च शिक्षा प्रदान गर्ने सामुदायिक क्याम्पसहरुले विज्ञान वा अन्य प्राविधिक विषय र अन्यत्र पढाइ नभएका नयाँ प्रकृतिको प्राविधिक विषयमा रुपान्तरण हुन वा विषय थप गरी पठनपाठन सञ्चालन गर्नका लागि सम्बन्धित विश्वविद्यालयबाट अनुमति प्राप्त गरी आवश्यक प्रक्रिया पुरा |

| शीर्षक | विवरण |
|---|---|
| | गरेका क्याम्पसहरुसँग कार्यक्रम कार्यान्वयनको स्पष्ट विवरण खुल्ने गरी कार्ययोजना सहितको प्रस्ताव माग गरिनेछ । प्रस्तावको ढाँचा अनुसूची-३ मा उल्लेख भए बमोजिमको हुनेछ ।<br>• प्रस्ताव मागका लागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गरिनेछ ।<br>• उच्च शिक्षामा विज्ञान वा अन्य प्राविधिक विषय (स्वास्थ्य बाहेक) सञ्चालन गर्नका लागि आवश्यक प्रक्रिया पुगेका सामुदायिक क्याम्पसहरुले मन्त्रालयमा प्रस्ताव पेश गर्नुपर्ने छ ।<br>• प्राप्त प्रस्तावहरु अनुसुची- ४ मा उल्लेख भए बमोजिमको मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी उपयुक्त प्रस्तावहरु छनौट गरिनेछ ।<br>• सम्पूर्ण विवरण खुल्ने गरी प्रस्ताव पत्र एवम् कार्ययोजना माग गर्ने ।<br>• क्याम्पस सञ्चालक/व्यवस्थापन समितिको निर्णय संलग्न हुनुपर्ने ।<br>• साधारण विषयबाट विज्ञान वा प्राविधिक विषयमा रुपान्तरण वा विषय थप सम्बन्धी कागजात पेश गर्नुपर्ने ।<br>• सम्पादन गरिने कार्यको लागत अनुमान पेश गर्नुपर्ने ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव |
| ६. अपेक्षित उपलब्धी | • विज्ञान तथा प्राविधिक विषय अध्यापन गर्ने क्याम्पसहरुको व्यवस्थापकीय क्षमता विकासमा सहयोग पुग्ने। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वील भरपाइहरु<br>• सञ्चालक समितिको योजना फरफारक गर्ने निर्णयको प्रतिलिपी<br>• कार्य सम्पन्न प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.११ विशेष कक्षा सञ्चालन भएका स्रोत कक्षाहरुको सुदृढीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु. हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक/संख्या | ११ | ५५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | विशेष आवश्यकता भएका बालबालिकाको शिक्षामा सहज एवम् सुरक्षित पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सञ्चालित विशेष विद्यालय र स्रोत कक्षा सञ्चालित विद्यालयहरुको कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, आवास एवम् भान्सा व्यवस्थापन जस्ता कार्यहरु सुधार गर्नका लागि अनुदान उपलव्ध गराई सहज र प्रभावकारी रुपमा पठनपाठन सञ्चालनका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • विशेष विद्यालय र स्रोत कक्षाहरुको कक्षाकोठा साथै आवासीय सुविधामा सुधार हुने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौट बैठक व्यवस्थापन<br>• विद्यालयका अनुदान र आवश्यकता पहिचान<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • विशेष विद्यालय र स्रोत कक्षा सञ्चालन भएका विद्यालयको विवरण सङ्कलन,<br>• कम्तिमा १५ दिनको म्याद दिइ सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने,<br>• प्रस्ताव साथ स्थानीय तहकी सिफारिस संलग्न हुनुपर्ने ।<br>• प्रस्तावको मूल्याङ्कन एवम् छनौट गर्ने,<br>• छनौटमा परेको विद्यालयमा कार्यक्रम कार्यान्वयनको व्यवस्था मिलाउने,<br>• कार्यक्रममा दोहोरो नपर्ने गरी छनोट गर्ने,<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । प्रस्तावको ढाँचा अनुसूची-५ मा भए बमोजिम हुनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक |

| शीर्षक | विवरण |
|---|---|
| | २. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>• छनौटको मापदण्ड अनुसूची- ६ मा व्यवस्था भए बमोजिम हुनेछ<br>• अनुगमन गर्ने |
| ६. अपेक्षित उपलव्धी | विशेष आवश्यकता भएका बालबालिकाको आधारभूत आवश्यकता सम्बोधन भई पठन पाठनमा प्रभावकारीता आउने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • योजना फरफारकका लागि स्थानीय तहको सिफारीस पत्र<br>• योजना फरफारकका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>• खर्चका बील भरपाईहरु<br>• कार्यक्रम प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## २.१२ प्राविधिक धार तथा विज्ञान विषय सञ्चालन भएका विद्यालयहरुलाई प्रयोगशाला सुदृढीकरण अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४२३ | पटक | १ | ५००० | तेश्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | व्यावसायिक विषय, प्राविधिक धार एवम् विज्ञान विषय सञ्चालन गरेका सामुदायिक विद्यालयहरुमा प्रयोगशाला विस्तार तथा सामग्री थप गरी व्यवस्थित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ । प्रयोगशालामा नविनतम प्रविधि र सामग्री समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुर्‍याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• विद्यालय अनुदान र आवश्यकता पहिचान<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कम्तिमा १५ दिनको म्याद दिइ सार्वजनिक सूचना गरी प्रस्ताव माग गर्ने ।<br>• प्रस्तावपत्रको ढाँचा अनुसुची- ७ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• प्रस्ताव साथ लागत अनुमान पेश गर्नुपर्ने ।<br>• प्रस्ताव साथ स्थानीय तहको सिफारिस संलग्न हुनुपर्ने ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । मूल्याङ्कनको ढाँचा अनुसुची- ८ मा उल्लेख भए बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य |

| शीर्षक | विवरण |
|---|---|
| | ४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता<br>• कार्यक्रम कार्यन्वयन<br>• प्रतिवेदन तयारी<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | • विद्यालयका प्रयोगशालाहरु सुदृढ हुनेछन । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • खर्चका बील भरपाइहरु<br>• योजना फरफारकका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय<br>• स्थानीय तहको योजना फरफारकका लागि सिफारिस<br>• प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## २.१३ विद्यालयमा विपद्/महामारी जोखिम न्यूनीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित बजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | २५०० | दोस्रो चौमासिक |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | प्राकृतिक प्रकोप वा विभिन्न विपद्जन्य घटनाका कारण विद्यालयमा पुगेको क्षतिको न्यूनीकरण गरी थप क्षति हुनबाट विद्यालय जोगाउँदै विद्यालय पुनः सहज रुपमा सञ्चालनका लागि सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । नेपाल सरकार संघ ससर्त अनुदान तर्फको विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम समेत यसै मापदण्ड बमोजिम कार्यान्वयन हुनेछ । |
| २. | कार्यक्रमको उद्देश्य | विपद्बाट विद्यालयमा पुगेको क्षतिको न्यूनिकरण गरी सहज रुपमा विद्यालय सञ्चालन एवम् व्यवस्थापन गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र विद्यालयहरु |
| ४. | बजेट बाँडफाँट | • विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• विद्यालय अनुदान र मर्मत सम्भार पक्षको पहिचान<br>• अनुगमन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत विपद् व्यवस्थापन एवम् न्युनीकरण प्रस्ताव आव्हान गरिनेछ । प्रस्ताव पत्रको ढाँचा अनुसुची-९ मा भए बमोजिम हुनेछ ।<br>• **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** प्रस्ताव छनौट गर्दा विद्यालय सञ्चालन गर्न सहज हुने कार्यक्रमलाई पहिलो प्राथमिकता, कक्षाकोठामा पुगेको क्षति एवम् विद्यालय भवन एवम् संरचनाहरुको संरक्षणका लागि प्रथमिकता दिइ अनुदान उपलव्ध गराइनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु छनौट गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव<br>• कार्यक्रम कार्यान्वयनका लागि सम्झौता गर्ने,<br>• विद्यालयलाई प्रदान गरिने अनुदान निकासा २ किस्तामा नबढ्ने गरी उपलव्ध गराउने,<br>• कार्यक्रम कार्यान्वयन, |

| शीर्षक | विवरण |
|---|---|
| | • अनुगमन एवम् प्रतिवेदन,<br>• कार्यसम्पन्न प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | • विपद्का कारण विद्यालयमा पुगेको क्षतिको मर्मत सम्भार/पुनर्निर्माण भई विद्यालय सञ्चालनमा सहजता हुने । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | • विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• प्रहरी मूचुल्का<br>• लागत अनुमान<br>• जिल्ला वा स्थानीय तह विपद् व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>• क्षतिसँग सम्बन्धित फोटोहरु<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह र प्रदेश सरकारको बजेट बिच एउटै कार्यक्रममा दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वघोषणा पत्र<br>• कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## २.१४ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E- Learning) समेत

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | २५०० | पहिलो र तेश्रो चौमासिक |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | परिचय | प्रदेशभित्र सञ्चालित सार्वजनिक तथा सामुदायिक पुस्तकालयहरुको स्तरोन्नती गरी पुस्तकालयहरुलाई समुदायको ज्ञान व्यवस्थापन केन्द्रको रुपमा विकास गर्न तथा गण्डकी प्रदेशको भौगलिक अवस्था, इतिहास, धर्म, संस्कृति, पर्यटन, कलाकौशल एवम् यस प्रदेशका स्रष्टाहरुद्वारा लिखित पुस्तक तथा पठन सामग्री व्वस्थापन गरी प्रदेशको पहिचान तथा चिनारीलाई मजवुद वनाउन आवश्यक छ । साथै पुस्तकालयको आवश्यकताका आधारमा अन्य पुस्तक खरिद, फर्निचर व्यवस्थापन, सूचना प्रविधि व्यवस्थापन र इ-लर्निङका सफ्टवेयर व्यवस्थापन लगायतका कार्यहरु सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | सञ्चालित पुस्तकालयहरुको स्तरोन्नती गरी समुदायमा पठन संस्कृतिको विकास गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. | बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• पुस्तकालयका लागि अनुदान<br>• अनुगमन/आवश्यकता पहिचान |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | • सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान (प्रस्तावपत्रको ढाँचा अनुसुची- १० मा भए बमोजिम हुनेछ) ।<br>• प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु-<br>– पुस्तकालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>– पुस्तकालय तथ्याङ्क फाराम (अनुसूची ११ मा भए बमोजिमको)<br>– लागत अनुमान<br>– पुस्तकालय व्यवस्थापन समितिका निर्णयहरु<br>– सम्वन्धित स्थानीय तहको सिफारिस<br>• प्रस्ताव मूल्याङ्कन एवम् छनौट (प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-१२ मा भए बमोजिम हुनेछ) ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन |

| शीर्षक | विवरण |
|---|---|
| | तथा सिफारिस समिति रहनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मन्त्रालयले तोकेको पुस्तकालय विज्ञ- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा संस्कृति शाखा- सदस्य सचिव<br>• सम्झौता<br>• कार्यक्रम कार्यन्वयन<br>• अनुगमन एवम् प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | • समुदायको ज्ञान व्यवस्थापन केन्द्रको रुपमा विकास हुने,<br>• पुस्तकालयको स्तरोन्नती हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • वील भरपाइहरु<br>• योजना फरफारकका लागि स्थानीय तहको सिफारिस पत्र<br>• योजना फरफारकका लागर प्स्तकालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>• कार्यक्रमका फोटोहरु<br>• कार्य सम्पन्न प्रतिवेदन<br>• अनुगमन प्रतिवेदन |
| ८. अनुगमन | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१५ सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | २५० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | समुदायको आवश्यकता अनसुार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय गर्नका लागि सञ्चालित सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकहरुको व्यवस्थापकीय क्षमता विकास गरी उपयुक्त र प्रभावकारी तवरले कार्य सम्पादन गर्न सक्षम बनाउन आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | • सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • क्षमता विकास सामग्री तयारी<br>• कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन<br>• अनुगमन, बैठक, खाजा खाना खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • क्षमता विकास अवधारणापत्र तयार गर्ने<br>• सहजीकरण सामग्री तयार गर्ने<br>• प्रशिक्षक छनौट<br>• कार्यक्रमका सहभागी छनौट<br>• कार्यक्रम सञ्चालन<br>• प्रतिवेदन |
| ६. अपेक्षित उपलव्धी | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास भई सिकाइ केन्द्र व्यवस्थापनमा प्रभावकारिता आएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • अवधारणा पत्र<br>• कार्यक्रम सञ्चालन सम्बन्धी कागजातहरु, खर्चका बील भरपाईहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१६ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | १००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | आ.व. २०७७/०७८ मा प्रविधिमैत्री वित्तीय साक्षरता पाठ्यक्रम एवम् पाठ्यपुस्तक तयार भई प्रदेश भित्र १२० वटा कक्षामा प्रविधिमैत्री वित्तीय साक्षरता कक्षा सञ्चालन एवम् व्यवस्थापन भएको छ । समुदायका नवसाक्षरहरुलाई उनीहरुको आवश्यकता अनुकुल हुने गरी नविनतम प्रविधि र वित्तिय कारोबारसँग सम्बन्धित विषयवस्तुहरुको बारेमा सामुदायिक सिकाइ केन्द्रमार्फत कक्षा सञ्चालन गरी साक्षरता र निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | प्रविधिमैत्री साक्षरता तथा निरन्तर शिक्षाका लागि लक्षित समुहको आवश्यकता अनुकूलको प्रविधिमैत्री साक्षरताको माध्यमवाट जीवन पर्यन्त सिकाइ अवसर प्रदान गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरु |
| ४. बजेट बाँडफाँट | • पाठ्यसामग्री एवम् तालिम सामग्री परिमार्जन<br>• साक्षरता कार्यक्रम सञ्चालन पूर्व सहजकर्ताका लागि तालिम सञ्चालन<br>• कार्यक्रम तथा कक्षा व्यवस्थापन एवम् सञ्चालन<br>• सहजकर्ता प्रोत्साहन खर्च<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने । प्रस्तावको ढाँचा अनुसुची- १३ बमोजिम हुनेछ ।<br>• सामुदायिक सिकाइ केन्द्रले कार्यक्रम सञ्चालनको प्रस्ताव तोकिएको मितिभित्र दर्ता गर्ने ।<br>• स्थानीय तहको सिफारिस पत्र संलग्न गर्नुपर्ने<br>• सिकाइ केन्द्र छनौटका निर्णय संलग्न गर्नुपर्ने<br>• प्रस्ताव मूल्याङ्कन एवम् छनौट गर्ने । प्रस्ताव मूल्याङ्कनको मापदण्ड अनुसुची- १४ बमोजिम हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ । |

| शीर्षक | विवरण |
|---|---|
| | १. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. विषय विज्ञ- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख- सदस्य सचिव<br>• मन्त्रालयले स्थान निर्धारण गरी सहजकर्ताका लागि तालिम सञ्चालन गर्ने ।<br>• कार्यक्रम कार्यान्वयन सम्झौता गरी साक्षरता कक्षा सञ्चालन गर्ने ।<br>• आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक, मसलन्द सामग्री, कक्षा व्यवस्थापन खर्च उपलव्ध गराउने । |
| ६. अपेक्षित उपलव्धी | नवसाक्षरहरुमा प्रविधि मैत्री ज्ञान र सीप विकास हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • स्थानीय तहको सिफारिस पत्र<br>• सिकाइ केन्द्र छनौटका निर्णय<br>• तालिम सञ्चालनसँग सम्बन्धित कागजातहरु<br>• कक्षा सञ्चालन सम्बन्धी हाजिरी, बिल भरपाईहरु<br>• योजना फरफारकका लागि स्थानीय तहको सिफारिस तथा सामुदयिक सिकाइ केन्द्रको निर्णय<br>• प्रतिवेदन |
| ८. अनुगमन एवम् प्रतिवेदन | कार्यक्रमको अनुगमन शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास कार्यालय र सम्बन्धित स्थानीय तह एवम् सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिबाट हुनेछ । |

## २.१७ नेपाल सांस्कृतिक संघ मार्फत ११ जिल्लामा लोक कला तथा संस्कृति संरक्षण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | जिल्ला | ११ | ११०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेश कला र लोक संस्कृतिको धनी प्रदेश हो । यस प्रदेशको स्थानीय कला र लोक संस्कृतिको संरक्षणसँग सम्बन्धित विभिन्न कार्यक्रम एवम् प्रतियोगिताहरु सञ्चालन एवम् व्यवस्थापन कार्य ११ वटै जिल्लामा नेपाल सांस्कृतिक संघ मार्फत कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | स्थानीय कला तथा लोक संस्कृति संरक्षणमा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम वा प्रतियोगिता सञ्चालन एवम् व्यवस्थापन, बैठक, खाजा |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • प्रस्ताव माग गर्ने<br>• कार्यक्रम कार्यान्वयनका लागि संस्था छनौट गरी संझौता गर्ने<br>• प्रथम किस्ता बापतको रकम पेश्की स्वरुप उपलव्ध गराउने<br>• कार्य सम्पन्न पश्चात नियमानुसारका कागजात एवम् बिल भरपाइका आधारमा अन्तिम भुक्तानी उपलव्ध गराउने<br>• प्रतिवेदन तयार गर्ने |
| ६. अपेक्षित उपलव्धी | स्थानीय कला र लोक संस्कृतिको संरक्षण एवम् संबर्द्धन हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम/प्रतियोगिता सञ्चालन एवम् व्यवस्थापनसँग सम्बन्धित काजागत र खर्चका बिल भरपाईहरु<br>• कार्यक्रमका फोटोहरु<br>• योजना फछ्र्यौटका लागि सम्वन्धित संस्थाको निर्णय प्रतिलिपी<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रज्ञा प्रतिष्ठान, सामाजिक विकास कार्यालयहरु |

## २.१८ प्रदेशभित्र बहुसांस्कृतिक ग्रामको जग्गा प्राप्ति र डीपीआर तयारी (अन्नपूर्ण गाउँपालिका कास्की)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११७२ | पटक/संख्या | १ | २५०० | पहिलो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेशको समग्र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्दै यस प्रदेशको साँस्कृतिक पहिचान एवम् झझल्को दिने गरी कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकामा स्थापना हुने बहुसांस्कृतिक ग्रामको स्थापनाका लागि जग्गा प्राप्ति र डीपीआर निर्माण गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | बहुसांस्कृतिक ग्राम स्थापनाको लागि जग्गा प्राप्ती र डीपीआर निर्माण कार्य सम्पन्न गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | • जग्गा प्राप्तिका लागि बैठक, दै.भ.भ. तथा अन्य विविध प्रशासनिक खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा पहल, समन्वय तथा सहकार्य<br>• विस्तृत आयोजना प्रतिवेदन निर्माणको कार्यसर्त तयारी<br>• सूचना प्रकाशन गरी सार्वजनिक खरिद नियमावली बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव माग<br>• प्रस्तावको मूल्याङ्कन एवम् छनौट गर्ने<br>• सम्झौता गर्ने<br>• विस्तृत आयोजना प्रतिवेदन सम्बन्धमा विज्ञहरुसंग सुझाव सङ्कलन<br>• विस्तृत आयोजना प्रतिवेदन तयारी एवम् स्वीकृति |
| ६. अपेक्षित उपलव्धी | जग्गा प्राप्ति भै विस्तृत आयोजना प्रतिवेदन तयार भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • जग्गा प्राप्तिसँग सम्बन्धित कागजातहरु<br>• विस्तृत आयोजना प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.१९ पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरुको श्रव्यदृष्य प्रोफाइल तयारी तथा अध्यावधिक

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| २५०० | पटक/संख्या | १ | ५०० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | आ.व. २०७७/०७८ मा प्रदेशका पुरातात्विक महत्वका वस्तु तथा सम्पदाहरुको प्रोफाइल तयार भएकोमा उक्त प्रोफाइलमा छुट भएका र थप गर्नुपर्ने सम्पदाहरुको विवरण तयार गरी अध्यावधिक गर्न आवश्यक छ । यस्ता पुरातात्त्विक वस्तु एवम् सम्पदाहरुको पहिचान र संरक्षणका साथै प्रदेशको पहिचान र परिचय झल्कने खालको श्रव्यदृष्य सहितको प्रोफाइल प्रकाशन, सञ्चार माध्यमबाट प्रसारण, स्थापित संग्रहालयहरु मार्फत प्रचार प्रसार गर्न आवश्यक भएकोले यो कर्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | पुरातात्त्विक महत्वका वस्तु तथा सम्पदाहरुको प्रोफाइल अध्यावधिक भई संरक्षण र प्रचार प्रसारमा सहयोग गर्ने |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |
| ४. बजेट बाँडफाँट | बैठक खर्च, दैनिक भ्रमण भत्ता, परामर्शदाता खर्च, खाजा खाना र विविध |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • विज्ञ समूह छलफल<br>• परामर्शदाता संस्थाको कार्यशर्त तयारी<br>• प्राविधिक तथा आर्थिक प्रस्ताव माग<br>• परामर्शदाता संस्था छनौट<br>• सम्झौता कार्य गर्ने<br>• कार्यक्रम कार्यान्वयन<br>• मन्त्रालय, संग्रहालयहरु र विभिन्न सञ्चारमाध्यम मार्फत सामग्रीहरुको प्रकाशन एवम् प्रचार प्रसार |
| ६. अपेक्षित उपलव्धी | गण्डकी प्रदेशको पहिचान झल्कने पुरातात्विक महत्त्वका वस्तु तथा सम्पदाहरुको संरक्षण र प्रचार प्रसारमा सहयोग पुग्ने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | विल भरपाई, अद्यावधिक गरिएको श्रव्यदृश्य प्रोफाइल र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय |

## २.२० मठ, मन्दिर, गुम्बा लगायत पुरातात्त्विक तथा धार्मिक आस्थाका केन्द्रहरुको संरक्षण एवम् मर्मत सम्भार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | चौमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक/किसिम | १ | २०००० | दोस्रो चौमासिक |

| शीर्षक | विवरण |
|---|---|
